बैजनाथ गाउँपालिका
Baijanath Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय

# Office of Rural Municipal Executive

प. स.२०७७/०७८
च.न.

रामपुर, बाँके
Rampur, Banke
लुम्बिनी प्रदेश नेपाल
Lumbini Province, Nepal

मिति २०७८/०१/०६

## राजपत्रमा प्रकाशित गरि सार्बजनिकरण गरिएको सूचना

**प्रस्तुत बिषयमा बैजनाथ गाउपालिकाको गाउसभा र कार्यपालिकाबाट देहाय अनुसारका ऐन/ कार्यविधि/ मापदण्ड स्वीकृत भइ राजपत्रमा प्रकाशित भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ऐन, कार्यविधि, मापदण्ड र निर्देशिकाहरु यस गाउपालिकाको website www.baijanathmun.gov.np मा गइ हेर्न समेत सकिने छ।**

| सि.न. | ऐन/कार्यविधि/मापदण्डको नाम | गाउसभा/कार्यापालिकाबाट स्वीकृत मिति | बैजनाथ राजपत्रमा प्रकाशित मिति | खण्ड | भाग | संख्या |
|---|---|---|---|---|---|---|
| १. | बैजनाथ गाउपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७ | २०७७/१०/५ | २०७७/१०/१९ | ०४ | ०१ | ०२ |
| २. | बैजनाथ गाउपालिकाको शिक्षा ऐन , २०७७ | २०७७/१२/०२ | २०७७/१२/१३ | ०४ | ०१ | ०३ |
| ३. | बैजनाथ गाउपालिकामा लैङ्गिकहिंसामा परेका महिलाहरुका लागि राहत कोष संचालन निर्देशिका, २०७७ | २०७७/०९/१० | २०७७/०९/२१ | ०४ | ०२ | ०२ |
| ४. | शिक्षक दरबन्दी( मिलान तथा ब्यबस्थापन ) कार्यविधि,२०७७ | २०७७/१०/१९ | २०७७/१०/२१ | ०४ | ०२ | ०३ |
| ५ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासी | २०७७/११/१८ | २०७७/०१/२३ | ०४ | ०२ | ०४ |
| ६ | गाउपालिका स्तरीय खेलकुद बिकास संचालन कार्यबिधि, २०७७ | २०७७/११/१८ | २०७७/११/२३ | ०४ | ०२ | ०५ |
| ७ | बैजनाथ गाउपालिकाको नक्शापास सम्बन्धि कार्यविधि,२०७७ | २०७७/०७/२६ | २०७७११/२४ | ०५ | ०२ | ०६ |

२०७८/१/०५

दानबहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

वेबसाइट: www.baijanathmun.gov.np email: baijanathrumun@gmail.com, info@baijanathmun.gov.np

बैजनाथ गाउँपालिका
# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०२ भाग : ०१ प्रकाशित मिति : २०७७/१०/१९

## बैजनाथ गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०७७

गाउँसभाबाट स्वीकृत मितिः २०७७/१०/०५

प्रस्तावनाः

बैजनाथ गाउँ वासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक र अधिकार सुनिश्चित गर्न र "नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ज) मा प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि बैजनाथ गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विस्तार तथा विकास गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार बैजनाथ गाउँपालिकाको गाउँ सभावाट बैजनाथ. गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७ पारित गर्नको लागि यो ऐन पेश गरिएको छ ।

बैजनाथ गाउँपालिका

**बैजनाथ राजपत्र**

खण्ड : ०४ संख्या : ०३ भाग : ०१ प्रकाशित मिति : २०७७/१२/१३

# बैजनाथ गाउँपालिका शिक्षा ऐन, २०७७

गाउँसभाबाट स्वीकृत मितिः २०७७/१२/०२

## प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि ज्ञान, सीप, श्रम, स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धि जनशक्ति तयार गर्न यस गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा यो ऐन प्रारम्भ हुनुपूर्व स्थापना भई सञ्चालन भईरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षा तथा सीपको अवसर बृद्धि गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नम्बर ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लुम्बिनी प्रदेश अन्तर्गतको बैजनाथ गाउँपालिका बाँकेको गाउँसभाले यो ऐन बनाएको छ ।

बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०२ भाग : ०२ प्रकाशित मिति : २०७७/०९/२१

## बैजनाथ गाउँपालिकामा लैङ्गिक हिंसामा परेका महिलाहरुका लागि राहत कोष सञ्चालन निर्देशिका २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१०

प्रस्तावना:

लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुको उद्दार तथा राहत वितरण गर्न वाञ्छनीय भएकोले बैजनाथ गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकले स्थानीय सरकार सचालन ऐन २०७४ को दफा (१०२) को उपदफा (२) बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

बैजनाथ गाउँपालिका
बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०३ भाग : ०२ प्रकाशित मिति : २०७७/१०/२१

# शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१०/१९

## प्रस्तावनाः

नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराइएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षा दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन २०२८ को दफा ११ को उपदफा ५ को खण्ड 'च' बमोजिम दरबन्दी मिलानको कार्य स्थानीय तहगत रुपमा बाँडफाँड गरि दरबन्दी मिलान गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई जिम्मेवारी दिने भनी मिति २०७६/५/४ मा निर्णय भएको र सो कार्यान्वयन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी २०७६ जारी गरि सकेको सन्दर्भमा उक्त कार्यविधिले निर्धारण गरेका मापदण्डको आधारमा बैजनाथ गाउँपालिकाले यो कार्यविधी निर्माण गरि लागु गरेको छ ।

बैजनाथ गाउँपालिका
# बैजनाथ राजपत्र
खण्ड : ०४ संख्या : ०४ भाग : ०२ प्रकाशित मिति : २०७७/११/२३

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत संकलन तथा व्यबस्थापनका लागि खर्चलाई व्यबस्थित गर्ने मापदण्ड, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१८

प्रस्तावनाः

स्थानीय तह मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन गरी प्रमाणीकरण गने कार्यलाई व्यवस्थित गर्न भूमि सम्बन्धी समस्या समधान आयोग गठन आदेश, २०७६ को दफा ६ को खण्ड (ग) र (घ) को प्रयोजनको लागि तयार गरिएको कार्यबिधि २०७७ को दफा १७ मा रहेको स्थानीय तहले कार्यबिधिको पालना गर्नु पर्ने व्यबस्थालाई नियमित र व्यबस्थित गर्नको लागि बैजनाथ गाउँ कार्यपालिकाले भुमीहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत संकलन तथा व्यबस्थापन गर्दा हुने खर्चलाई व्यबस्थित गर्ने प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही बैजनाथ गाउ कार्यापालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०५ भाग : ०२ प्रकाशित मिति : २०७७/११/२३

## गाउँपालिकास्तरिय खेलकूद विकास सञ्चालन कार्यविधि २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१८

**प्रस्तावना :**

बैजनाथ गाउँपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त बैजनाथ गाउँपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा बैजनाथ गाउँपालिका क्षेत्रभित्र खेलकूद विकास गर्न एवं गाउँपालिका भित्र रहेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले बैजनाथ गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो गाउँपालिकास्तरीय खेलकूद विकास सञ्चालन कार्यविधि, २०७७" जारी गरिएको छ ।

बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०४ संख्या : ०६ भाग २ प्रकाशित मिति : २०७७/११/२४

# बैजनाथ गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०७/२६

## प्रस्तावना

बैजनाथ गाउँपालिका भित्र निर्माण हुने आवासीय र व्यवसायिक भवन निर्माण कार्यलाई व्यवस्थित गर्न तथा भवनको नक्सा पास कार्यलाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले बैजनाथ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।